बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

## पसल कवलहरु बहालमा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।९।१२)

बनेपा नगर कार्यपालिकाको मिति २०७५।६।५ को निर्णयानुसार बनेपा नगरपालिकाको स्वामित्वमा रहेका तपसिलमा उल्लेखित पसल कवल/ ब्लकहरु बहालमा दिनुपर्ने भएकोले योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाल कम्पनी वा फर्मले देहायका शर्तहरुका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**-:शर्तहरु:-**

१. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु. १,०००। (पछि फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तीसौं दिन कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र एकतीसौं दिन दिनको २:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ। साथै दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:१५ बजे यस कार्यालयमा खोलिने छ।

३. बोलपत्र प्रस्तुतकर्ताले नेपाली नागरिकता प्रमाण पत्र, संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र २०७४।०७५ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ।

७. बोलपत्र दाताले आफुले कबोल गरेको मासिक बहालले हुन आउने एक वर्षको बहाल रकमको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको धरौटी हिसाब नं.०१५०३००००००००३०००००७ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा बोलपत्र साथ संलग्न गरेको हुनुपर्ने छ।

८ स्वीकृत बोलपत्रदाता ठेकेदारले आफुले कबोल गरेको मासिक बहाल रकमले हुन आउने चार महिना बराबरको रकम संझौता गर्नुपूर्व दाखिला गर्नुपर्ने छ। साथै त्यस पछि प्रत्येक महिनाको बहाल अग्रिम बुझाउनु पर्नेछ। यसरी बहाल बुझाउँदा अघिल्लो महिनाको बहाल भुक्तान हुनुभन्दा सात दिन अगावै पछिल्लो महिनाको बहाल बुझाएको हुनुपर्ने छ।

९. शर्त नं ८ बमोजिम नियमित बहाल नबुझाएमा संझौता बमोजिम उठाइने बहाल नगरपालिका स्वयमले उठाउने गरी स्वीकृत बोलपत्रदाता ठेकेदारसंगको संझौता भङ्ग गरिने छ।

१०. स्वीकृत बोलपत्रदाता लाई संझौताका लागि दिएको म्याद भित्र उपस्थित भई संझौता नगरेमा राखिएको धरौटी जफत हुनेछ।

११. प्रत्येक ब्लकका लागि छुट्टाछुट्टै बोलपत्र पेश गर्नुपर्नेछ। एउटै बोलपत्रबाट एक भन्दा बढि ब्लकमा सहभागि हुन पाइने छैन। तर एउटै व्यक्तिले एक भन्दा बढि ब्लकका लागि बोलपत्र पेश गर्न यसले बाधा परेको मानिने छैन।

१२. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी संझौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ।

१३. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनु पर्नेछ। यस प्रयोजनका लागि प्रत्येक वर्षको असोज महिना भित्र कर चुक्ता गरेको निस्सा यस कार्यालयमा पेश गर्ने दायित्व स्वीकृत ठेकेदारको हुनेछ।

ध्रुवराज नेपाल
वरिष्ठ राजस्व अधिकृत

१४. ठेक्का संझौताको म्याद संझौता भएका मितिले तीन वर्षका लागि हुनेछ र दुई वर्ष व्यतित भएपछि यस संझौता बमोजिमको ठेक रकम स्वतह दश प्रतिशत वृद्धि भएको मानिने छ । साथै साविकमा बसिरहेकाहरुसंग समन्वय गरी मिलान गर्ने वा पसल खाली गराउने प्रयोजनका लागि बोलपत्र स्वीकृत भएका मितिले ३५ दिन तयारी म्याद कटाएर मात्र कार्यादेश दिइने छ ।

१५. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१६. स्वीकृत बोलपत्रदाता ठेकेदारले आफुले बहालमा लिएको ब्लक अरुलाई बहालमा दिएको अवस्थामा त्यस्तो बहाल असुल गर्ने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१७. बहालमा लिएको ब्लकमा प्रयोग हुने पानी, बिजुली लगायतका सुविधाको बिल बमोजिमको महसुल आदि बुझाउने दायित्व स्वीकृत ठेकेदारको रहने छ । यस कार्यालयको पूर्व स्वीकृति प्राप्त नगरी सम्बन्धित ब्लकको कुनै भाग तोडफोड गर्ने वा स्वरुपमा परिवर्तन गर्न पाइने छैन ।

१८. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाता ठेकेदारको दायित्व हुनेछ । साथै कार्यालयलाई आवश्यक भई संझौतामा उल्लेखित सबै वा कुनै खण्ड खाली गर्न निर्देशन भएमा त्यस्तो निर्देशन प्राप्त भएका मितिले ३५ दिन भित्र त्यस्तो खण्ड खाली गरिदिनु पर्नेछ ।

१९. ठेक्का संझौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ ।

२०. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएका व्यक्ति/फर्मको बोलपत्र स्वतः अस्विकृत हुनेछ ।

**<u>ठेक्का सम्बन्धी विवरण</u>**

| क्र. सं. | ठेक्का संकेत नं. | ठेक्काको विषय क्षेत्र | मासिक न्युनतम कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| १ | रा५/२०७५।०७६ | ब्लक “क”:- सामुदायिक भवनको भुइतलाका सबै सटर तथा भऱ्याङ मुनीको भाग समेत | रु. ४६,०००। | |
| २ | रा६/२०७५।०७६ | ब्लक “ख”:- पुरानो सपिङ कम्प्लेक्सका सबै सटर/कोठा तथा भऱ्याङ मुनीको भाग समेत रु. २,३२,०००। | रु. २,३२,०००। | |
| ३ | रा७/२०७५।०७६ | ब्लक “ग”:- नयाँ सपिङ कम्प्लेक्स भवन ए (पूर्वतर्फ)का सबै सटर तथा भऱ्याङ मुनीको भाग समेत | रु. १,०७,०००। | |
| ४ | रा८/२०७५।०७६ | ब्लक “घ”:- नयाँ सपिङ कम्प्लेक्स भवन बी (पश्चिमतर्फ)का सबै सटर तथा भऱ्याङ मुनीको भाग समेत | रु. १,०५,०००। | |
| ५ | रा९/२०७५।०७६ | ब्लक “ङ”:-साविकको ६ नं. वडा कार्यालय भवनको पछाडिको कोठा खाली गराउने गरी पूर्वतर्फको सटरको रु. ६,०००। | रु. ६,०००। | |
| ६ | रा१०/२०७५।०७६ | ब्लक “च”:- बसपार्क भित्रको ग्यारेजको | रु. १३,२००। | |

२०७५।५।१२
ध्रुवराज नेपाल
वरिष्ठ राजस्व अधिकृत